# महालक्ष्मी नगरपालिका, धनकुटा

# स्थानीय राजपत्र

खण्ड-१, संख्या-७, मिति :२०७४/१२/२९

## भाग-२
## महालक्ष्मी नगरपालिका, धनकुटा

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०९/१६

# टोल विकास संस्था गठन,सञ्चालन कार्यविधि, २०७४

**प्रस्तावना**

समाज परिवर्तनको संबाहक भएकाले स्थानीय रुपमा उपलब्ध श्रम,सीप,साधन तथा अवसरहरु लाई अधिकतम परिचालन गरी समाजमा बढ्दो नकारात्मक सोचको कारण फैलिएका विकृतिहरुलाई हटाउदै लैजानको निमित्त सामाजिक विकास तथा जन सेवामा समर्पित गराई नगरपालिकाको सेवा,सुविधा प्रवाह लाई समृद्ध तथा सुदृढिकरण गर्न र यस महालक्ष्मी नगरपालिकाको कुनै एउटा वस्ती तथा टोलमा वसोवास गर्ने साझा भावना वोकेका महानुभावहरुले विकास निर्माण आदिमा विशुद्ध सामाजिक सेवाको भावनाले कार्य गर्नु आजको





मानविय दायित्व भएको हुदाँ सहभागितात्मक योजना तर्जुमा गर्न,उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सृजना गर्न संवैधानिक विकासको आधार मानि स्थानीय बासिन्दाहरुको भावना र सोचअनुसार आम भेला**द्धा**रा संस्था द्रुत गतिमा अगाडी वढाउँदै लैजाने उद्देश्यले विशुद्ध सामाजिक भावनाको साथ वस्ति तथा टोलविकास संस्था दर्ता विनियम २०७४ वमोजिम प्रचलित कानुनको परिधि भित्र रही काम गर्नको निमित्त एक सामाजिक संस्थाको रुपमा ……………… ……………. टोल विकास संस्था स्थापना गरी सञ्चाल गर्न बान्छनीय भएकोले यो विधान २०७४ निमार्ण गरिएको हो ।

## परिच्छेद-१

१ प्रारम्भिक

- क. संस्थाको कार्यक्षेत्र : यस संस्थाको कार्य क्षेत्र धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिकाको ……वडाको ……………….. टोल तथा वस्ति भरी रहने छ । साथै यो विधान संस्थाको विधान हुनेछ ।
- ख. संस्थाको नाम…………………………………………………हुनेछ ।
- ग. सस्थाको कार्यालय :- यस संस्थाको कार्यालय धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिका. वडा नं……… ..मा रहने छ ।
- घ. प्रारम्भ :- यो विधान स्थानीय अधिकारीवाट दर्ता भएको मिति बाट लागू हुने छ ।
- ङ गठन :-कुनै एक तथा सो भन्दा बढी टोल -बस्तीमा बसोबास गर्ने कम्तिमा २५ घर भएपछि मात्र टोल-बस्ती संस्था गठन हुनेछ ।माथि जे उल्लेख भएता पनि भौगोलिक हिसाबले विकट र जनघनत्व कम भएका क्षेत्रमा १५ घरसम्मलाई समेटी टोल बस्ती संस्था गठन गर्न सकिनेछ ।

२. परिभाषा :

परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

- क. "विधान" भन्नाले धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिकाको.. . . टोल तथा वस्ति विकास संस्थाको विधान २०७४ लाई जनाउने छ ।
- ख. "समूह" भन्नाले उल्लेखित टोल तथा वस्तिमा बसोबास गर्ने अनुसूचि १ मा उल्लेखित घरघुरी वा साधारण सदस्य भएको समुदायलाइ जनाउने छ ।
- ग. "स्थानीय अधिकारी" भन्नाले संस्था दर्ता ऐन नियमले तोकेको अधिकारी सम्झनु पर्छ ।

घ. “कार्य समिति” भन्नाले टोल तथा वस्ति सञ्चालक समितिलाई जनाउने छ ।

ङ. “व्यवस्थापन समिति” भन्नाले यस विधान अन्तर्गतका समिति वा उप समितिहरु सम्झनु पर्नेछ ।

च. “ तोकिए बमोजिम” भन्नाले यो विधान वा यस विधान अर्न्तगत रहि बन्ने नियम वा उप नियमले तोकेको कुरालाई जनाउने छ ।

छ. “कर्मचारी” भन्नाले संस्था संचालनको लागि आवश्यक हुने नियुक्त प्राविधिक तथा अप्राविधिक वैतनिक जनशक्तिलाई जनाउने छ ।

ज. “कोष ” भन्नाले“टोल वस्ती संस्थाको ” विधान २०७४ बमोजिम स्थापित कोषलाई वुझाउने छ ।

झ. यस संस्थाको आफ्नै छाप :- यस सस्थाको छाप र चिन्ह अनुसूची १ अनुसार गोलाकार भित्र “......टोल विकास संस्था महालक्ष्मी नगरपालिका वडानं.. ... धनकुटा , र विचमा २०७४ लेखेको हुनेछ ।

ञ. सस्थाको लेटर प्याड :- लेटर प्याडको सिरानमा “..........टोल विकास संस्था महालक्ष्मी नगरपालिका..................धनकुटा , हुनेछ ।

## परिच्छेद - २

३. संस्थाको उद्देश्य : यस संस्थाको उदेश्य देहाय बमोजिम हुनेछ ।

क. यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ ।

ख. टोल बस्तीको विकासमा सामूहिक सहभागिता जुटाउनको लागि सक्रिय रहने ।

ग. टोल वस्तीका बासिन्दाहरुको क्षमता अभिवृद्धि गरि आफ्नो संस्कृतिको जगेर्ना गर्ने ।

घ. टोल बस्ती विकासका लागि स्थानीय स्रोत परिचालन गर्ने ।

ङ विभिन्न विकास निर्माण तथा जनचेतना कार्यक्रम मार्फत विभिन्न जात जाति , धर्म ,लिङ्ग, वर्गलाई समेट्दै समाजमा रहेका अन्ध विश्वास भ्रष्टचार र ढिलासुस्ती विरोधी चेतनामुलक कार्यक्रम संचालन गर्ने ।

च. गाउँ समाजमा रहेका बालशोषण, गरिवी,अशिक्षा,अन्धविस्वास महिला हिंशा लगायत युवा वेरोजगारको अन्त्य गर्नका लागि सीपमुलक आयमुलक कार्यक्रम गर्ने ।

छ. विभिन्न विकास निर्माण सडक ढल,खानेपानि,विद्युत तथा स्वास्थ्य शिक्षा सम्वन्धित कार्य गर्ने ।





ज. स्थानीय पर्यटन प्रवर्धन सम्बन्धी कार्यहरु गर्ने ।

झ. प्राप्त रकम रा.व.वैकजितपुरको खातामा जम्मा गरी खर्च गर्ने ।

ञ. संस्थामा आवद्ध सदस्यहरुले नियमित बचत जम्मा गर्नुपर्ने छ ।

४. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-

संस्थाले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्ने छ । :-

क. संस्थाले प्रचालित नेपालको कानुन बमोजिम सम्वन्धित निकाय बाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यन्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ । कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता सामान तथा सवारी साधन खरीद वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा निजको सेवा तथा सर्तहरु निर्धारण गर्ने छ ।

घ. संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गरीने छ ।

ङ. व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्ने उपभोग गर्न र वातावरण संरक्षणका लागि दान दायित्व लिन दिन सक्नेछ ।

च. यसले व्यक्ति सरह यसको विधान विपरीत भए वा गरिएका कामका विरुद्ध नालिस, उजूर गर्न सक्ने छ र यस संस्था उपर समेत नालिस उजुर लाग्न सक्ने छ ।

छ. सुविधा पुऱ्याउन आवश्यक देखिएका गाउँ वस्तीहरु र स्थानहरुमा क्रमश कृषि सडक पुऱ्याउने कार्य गरिने छ ।

## परिच्छेद - ३
## सदस्यता :-

५. सदस्यताको वर्गिकरण :-

यस विधानको उदेश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्टा राखि विधान लाई स्वीकार गर्ने स्थानीय टोल बास यस संस्थाको देहाय बमोजिको सदस्य बन्न सक्नेछन ।

क. साधारण सदस्य : दफा ७ वमोजिम योग्यता पुगेको नेपाली नागरिकता प्राप्त व्यक्ति प्रवेश शुल्क रु १०० र साधारण सदस्यता शुल्क २०० वुझाई साधारण सदस्य बन्न सक्ने छन।

ख. आजीवन सदस्य :कुनैपनि व्यक्तिले रु २००० ।- शुल्क वुझाई आजिवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

ग. मानार्थ सदस्य : संस्थामा सक्रिय भई काम गरी विशिष्ट योगदान गर्ने व्यक्तिलाई संस्थाको मानार्थ सदस्यता दिन सकिनेछ ।

घ. टोल तथा बस्तीमा रहेका प्रत्येक घरबाट उमेर पुगेका बढीमा एक महिला साथै एक पुरुष मात्र माथि क.ख.ग अनुरुपको सदस्य हुन सक्नेछन ।

६. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता

क. १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

ख. नैतिक पतन देखि फौजदारी मुद्दामा सजाय नपाएको,

ग. नेपाल सरकारको ऐन कानुन वमोजिम अयोग्य नठहरिएको,

घ. मगज नबिग्रेको व्यक्ति,

ङ. संस्थाको विधान तथा निति नियम पालना गर्ने व्यक्ति ।

च टोल बस्तिमा स्थायि बसोवास गर्ने ।

७. संस्थाको सदस्य नियुक्त हुन वा वहालमा रहन नसक्ने अवस्था

देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैनन् :-

क. गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर पूरा नगरेको ,

ख. मंगज विग्रेको वा पागल भएको ,

ग. दामासाहिमा परेको ,

घ. कुनै प्रकारको चोरी, ठगी वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले पाएको व्यक्ती ।

ङ. संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च. सदस्यता शुल्क वुझाउन बाँकि भएको ।

छ. टोल तथा बस्तीको क्षेत्र भित्र स्थायी बसोबास नभएको

८. संस्थाको नियुक्ति हुने वा वहाल रहन नसक्ने अवस्थाः-

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :-

क. उपदफा ७ वमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने अबस्था भएमा

ख. साधारण सभावाट ७५% को बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेमा,

ग. सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ,

घ. संस्थाको काम कारवाहिमा वेइमानि वा वदनियत पूर्वक गरेको अदालतवाट प्रमाणित भएमा ,





ङ. यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई सो कुराको सूचना दिइ सफाइको सवुद पेशगर्ने मौका दिनुपर्नेछ ।

९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

क. साधारण सदस्यता शुल्क :- प्रवेश शुल्क रु १०० र वार्षिक सदस्यता शुल्क २०० हुनेछ ।

ख. आजिवन सदस्यता शुल्क :- आजीवन सदस्यता शुल्क वापत रु २००० । लाग्नेछ ।

## परिच्छेद - ४

१० .संस्थाको साधारणसभा बोलाउने तरिका र साधारणसभाका लागि लिनुपर्ने सूचना

१ यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क .वार्षिक साधारण सभा :-

ख. विशेष साधारण सभा :-

२ संस्थाको प्रथम वार्षिक साधारणसभा दर्ता भएको आ.व. समाप्त भए पछिको मितिले २ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारणसभाहरु आ. व समाप्त भएको मितिले २ महिना भित्र गरि सक्नु पर्ने छ ।

३ संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारसभाका लागी कम्तिमा ७ दिन अगावै सभा हुने स्थान , मिति, समय र छलफल गर्ने विषय खोली साधारण सदस्यलाई सूचना दिइने छ ।

४ दफा - ११ को उपनियम ३ बमोजिम वोलाईएको साधारण सभामा दफा १४ वमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुःन साधारण सभा वोलाइने छ ।

११ कार्य समिति :-

क. कार्यसमितिको नियुक्ति निम्न पद अनुसारको साधारण सभावाट हुनेछ ।

| पद | संख्या |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह-सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | ............ |

ख जम्मा ९ देखि १५ जनाको कार्य समिति रहने छ ।

ग कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ,

घ. वार्षिक साधारणसभा हुनु भन्दा अगावै कार्यसमितिको कुनै पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद कार्यसमितिको बैठकको निर्णयद्धारा मनोनयन गरी पूर्ति गरिनेछ । यसरी नियुक्ति भएको सदस्यको कार्यकाल बाँकी अवधि सम्मका लागि मात्र हुने छ ।

ङ. कार्यसमितको वैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छ ।

च. कार्य समितिको वैठकमा सदस्य स्वयम् उपस्थित हुनुपर्ने छ ।

छ. जम्मा सदस्य संख्याको. कम्तिमा ५१ % सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठकबस्ने छैन ।

ज. कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा बैठकमा उपस्थितिहरु मध्ये जेष्ठ सदस्यले गर्ने छ ।

झ. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

ञ. कार्य समितिको बैंठकमा छलफल भएको विषय र त्यस सम्बन्धमा भएको निर्णयको विवरण माईन्यूट छुट्टै किताबमा लेखी राख्नु पर्ने छ । सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यको ५१% ले सही गर्नुपर्ने छ

ट. माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संकलन गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठक को निर्णय सरह मानिने छ ।

ठ. संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णय बाट हुनेछ ।





## परिच्छेद - ५

१२ कार्य समितिको पदाधिकारीहरुको काम ,कर्तव्य र अधिकार :-
कार्य समितिको काम, कर्तव्य र अधिकार देहायवमोजि हुनेछ ।

अध्यक्ष :-

क. साधारण सभा तथा बैठकको अध्यक्षता गर्ने ,

ख. कार्य समितिको निर्णय अनुसार साधरण सभा बोलाउने एवं आवश्यकता अनुसार कार्य समितिको बैठक वोलाउने ।

ग. व्यवस्थापन समितिको बैठकमा कुनै विषयमा वरावर मत भएमा निर्णयात्मक मत दिने ,

घ. विधान र साधारण सभाले तय गरेको दिसामा केन्द्रलाई क्रियाशिल रहन नेतृत्व प्रदान गर्ने ।

ङ. बैठकको निश्चित मिति, समय र स्थान तोक्ने ।

च. साधारण सभा र व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

छ. विभिन्न संघ सस्थासँग सम्पर्क तथा समन्वय कायम गर्ने गराउने ।

ज. छलफलमा प्रजातान्त्रिक तरिकाले सबैलाई बोल्ने अवसर दिन पहल गर्ने ।

झ. संस्थाका सदस्यलाई क्रियाशिल गराई राख्न केही न केही सामूहिक सामाजिक क्रियाकलापमा संलग्न भइरहने ।

ञ. संस्थालाई उत्कृष्ठ वनाउन निरन्तर लागि रहने ।

ट. आफु कुनै कारणवस बाहिर जानुपर्ने भएमा उपाध्यक्षलाई जिम्मेवारी दिने ।

ठ. संस्थाको कार्य प्रगति एंव आगामी आ.व.को कार्यक्रम बनाई साधारण सभामा प्रस्तुत गर्न पारित कार्यक्रम संचालन गर्न , संस्था नविकरण गराउने ।

उपाध्यक्ष :-

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्य गर्ने ।

ख. कार्यसमितिले तोकेको कार्यहरु गर्ने ।

ग. अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

सचिव :-

क. संस्थाको दैनिक कार्य सञ्चालन गर्ने ।

ख. बैठक र साधारणसभाको निर्णय कार्यान्वयन गर्ने ।

ग. साधारणसभामा पेश गर्ने प्रतिवेदन तयार गर्ने ,
घ. व्यवस्थापन समितिले तोकेको काम गर्ने ।
ङ. संस्थाको प्रवक्ता भइ काम गर्ने ,
च. संस्थाका कागजातहरु सुरक्षित एवं व्यवस्थित राख्ने ।
छ. अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार पत्राचार गर्ने ,
ज. विगतका निर्णयहरुको कार्यान्वयन भए नभएको ध्यानाकर्षण गराउने ,
झ. संस्थाका कृयाकलाप बारे सबै सदस्यहरुलाई जानकारी गराउने ।
ञ. संस्थाको चल अचल सम्पति र कागजातको जिम्मा लिने र दुरुस्त राख्ने पद मुक्त हुदाँ वरवुझारथ गर्ने ,
ट. अध्यक्ष र कोषाध्यक्षसंगको संयुक्त दस्ताखतमा संस्थाको बैङ्क खातासंचालन गर्ने ।

सह-सचिव :-
क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पुर्ण काम गर्ने ,
ख. सचिवको काममा सहयोग गर्ने ।

कोषाध्यक्ष :-
क. अध्यक्ष सचिव संगको सयुक्त दस्तखतमा संस्थाको बैंङ्क खाता संचालन गर्ने ।
ख. आर्थिक आय व्यय पारदर्शी रुपमा दोहोरो लेखा प्रणाली अनुरुप राख्ने ।
ग. सस्थाको आय व्याय वार्षिक साधारण सभामा पेश गर्ने ।
घ. सस्थाले संस्था निर्माण गरेको आर्थिक नियमावली कार्यान्वयन गराउने ।
ङ संस्थाको आर्थिक कारोवारको श्रेस्ता राख्ने र पदमुक्त हुदाँ बरबुझारथ गर्ने ।

सदस्यहरु :-
क नियमित बैठकमा नियमित उपस्थित भई व्यवस्थापन समितिको निर्णय तथा निर्देशनलाई कार्यान्वयन गर्ने ।
ख. व्यवस्थापन समितिले तोकेको कार्य गर्ने ।
ग. नविकरण शुल्क र अन्य शुल्क समयमा वुझाउने र अन्य सदस्यलाई समयमा वुझाउन प्रेरित गर्ने ।
घ. संस्थाले गरेका निर्णयमा प्रतिवद्धताका साथ कार्यान्वयन गर्ने ।





ङ. संस्थालाई उत्कृष्ठ वनाउन सवै सदस्यहरुको योगदान जुटाउने ।
च. संस्थाका पदाधिकारीहरुको कामको लेखाजोखा गर्ने राम्रो काम गर्नेलाई समूहवाट प्रोत्साहन दिने र गलत वाटो लिएकालाई सचेत गराउने गलत कार्य नछाडेमा समितिको बैठकमा निर्णय गराई सदस्य पदवाट हटाउने ।

१३. गणपुरक संख्या :-
१) कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती नभई साधारण सभाको अन्य काम कार्वाही हुने छैन ।
२) पहिलो साधारण सभामा गणपुरक संख्या नपुगे दोश्रो साधारण सभामा कूल सदस्य संख्याको ३३ प्रतिशत वा कार्य समितिको संख्या जुन बढी हुन्छ सो आधारमा बैठक बसी बहुमतले निर्णय गर्न सक्नेछ ।

१४. संस्थाको कोष :-
१) संस्थाको निजी कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु रहनेछ ।
क) सदस्यता शुल्क वापतको रकम ।
ख) कसैले स्वेच्छाले दिएको रकम ।
ग) संस्थाको सदस्यहरुले मासिक रुपमा उठाएको रकम ।
घ) देशी, विदेशी संस्थाहरुवाट अनुदान दिने भए नेपाल सरकारको स्वीकृतीमा संस्थाले ग्रहण गर्नेछ ।

१५. खाता सञ्चालन :-
क) संस्थाको अध्यक्ष ,सचिव र कोषाध्यक्ष संयुक्त दस्ताखतवाट खाता सञ्चालन गरिनेछ,
ख) प्रचलित ऐन नियम अनुसारको खर्च गर्ने र श्रेष्ता राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६. लेखा :-
क) संस्थाको आयव्ययको विवरण प्रचलित कानुन वमोजिम राखिनेछ
ख) संस्थाको लेखा परीक्षण गराउदा वार्षिक साधारण सभावाट सरकारी मान्यता प्राप्त लेखा परिक्षकको नियुक्त गरी गर्ने छ ।
ग) लेखा परिक्षण गराई त्यसको विवरण स्थानीय अधिकारी साथै नगरपालिकामा बुझाउनुपर्नेछ ।
घ) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जचाँउन सक्नेछ ।

परिच्छेद-६

१७. निर्वाचन :-

क) साधारण सभाले आफू मध्येवाट कार्य समितिको निर्वाचन गर्नेछ।

ख) कार्यसमितीमा ५ जना मुख्य पदाधिकारी वढीमा १० जना सदस्य साधारण सभावाट निर्वाचित गरी वढीमा १५ सदस्य भएको कार्यसमिति हुनेछ । अध्यक्ष,सचिवकोषाध्यक्ष मध्ये अनिबार्य एक महिलापर्ने गरी दुइ महिला र सम्पुर्ण कार्य समितिमा ३३ प्रतिशत महिला हुनुपर्ने छ।

ग) कार्यसमितिमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १, कोषाध्यक्ष १ र सदस्यहरु हुनेछन्।

घ) निर्वाचित पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ।

ङ) सर्वसहमतिवाट कार्यसमिति वन्न नसके आमसभाले साधारण सदस्यहरुवाट ३ सदस्यीय आयोग गठन गर्नेछ।

च) गठित निर्वाचन आयोगले निर्वाचन विनियम तयार गरी कार्यसमितिको पदाधिकारीको छनौट गर्नेछ।

छ) उम्मेरद्धार हुनलाई १ प्रस्तावक र १ समर्थक साधारण सदस्य आवश्यक हुनेछ।

ज) निर्वाचनमा बहुमत प्राप्त व्यक्तिलाई विजयी घोषणा गरिनेछ।

झ) निर्वाचनमा साधारण सदस्यलाई मात्र मत लगाउने अधिकार रहन्छ।

१८. उम्मेरद्धार हुनलाई योग्यता :-

क) नेपाली नागरिक र १८ वर्ष पुरा गरेको व्यक्ति।

ख) सामाजिक सम्पतिको दुरुपयोग गरी भ्रष्टचारीको अभियोगमा परेको, चोरी, ठगी, फौजदारी अभियोग लागि सजाय पाएकोभए सजाय भुक्तान भएको कम्तिमा १ वर्ष व्यतित गरेको हुनुपर्नेछ।

ग) संस्थालाई वुझाउनु पर्ने नगद वा जिन्सी सम्पति बुझाई सकेको व्यक्ति।

घ) सामाजिक सम्पति हिनामिना नगरेको व्यक्ति।

१९. अविश्वासको प्रस्ताव :-

साधारण सदस्यको २५ प्रतिशत सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष अविश्वासको प्रस्ताव गरेमा निजले प्रस्ताव दर्ता भएको मितिले १ महिना भित्र साधारण सभा बोलाउनेछ र दुई तिहाई बहुमतवाट उक्त प्रस्ताव पारित भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ।





२०. विधान संसोधन :-

यस संस्थाको विधानको कुनै दफा संसोधन वा खारेज गर्नु परेमा संस्थाको कुल सदस्य संख्याको दुई तिहाई सदस्य संख्याले स्थानीय अधिकारी समक्ष सिफारीस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीवाट स्वीकृत भए पश्चात मात्र विधानको कुनै दफा संसोधन वा खारेज भएको मानिनेछ।

२१ . विनियम वनाउन सक्ने :-

संस्थाले कार्य सम्पादन गर्ने सर्न्दभमा अवश्यक विनियम वनाउन सक्नेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिनुपर्नेछ।

२२ तदर्थ समिति :-

यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समिति यसै विधान अनुसार गठन भएको मानिने छ। यसले गरेका कार्य पनि विधान बमोजिम भएको मानिने छ। तदर्थ समितिले ६ महिना भित्र विधान अनुसार निर्वाचनद्धारा नयाँ कार्यसमितिको निर्वाचन गर्नु पर्नेछ।

२३. संस्थाको खारेजी :-

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ

२. उपनियम (१०) वमोजिम खारेजिको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु संस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एकभन्दा वढी लेखा परीक्षकहरु नियुक्ति गर्न सक्नेछन। लिक्विडेटर र लेखापरीक्षकहरु को पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ।

३ उपनियम २ वमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन।

४. संस्था खारेज भै समाप्ति भएमा यो संस्थाको सबै सम्पत्ति कानुन बमोजिम नेपाल सरकारको हुनेछ।

२४. ऐन कानुन अनुसार हुने :-

यस विद्यानमा उल्लेखित भएका कुराहरु प्रचलित कानुन बमोजिम रहनेछ। संस्थाको दर्ता ऐन नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निश्क्रिय हुनेछ।

२५ विविध :-

क. प्रतिवद्धता : यस संस्थाको कुनै क्रियाकलापले नेपाल तथा विदेशी अन्राष्ट्रिय संघ संगठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल् पुग्ने कुनै काम नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

ख. पद रिक्तता :- कार्य समितिका पदाधिकारी र सदस्यहरु निम्न अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् ।

१.आफ्नो पदबाट राजीनामा दिई कार्य समितिबाट स्वीकृत भएमा ।

२. मानसिक असन्तुलन भएमा वा मृत्यु भएमा ।

३. अविश्वासको प्रश्ताव पारीत भएमा ।

ग. घर जग्गा खरिद विक्री सम्वन्धमा : यस सस्थाले घर जग्गा खरिद गर्न सक्नेछ । र यो सस्थाको चल अचल सम्पतीलाई चाहेको वेलावखत खरिद तथा विक्री गर्न सक्ने व्यवस्था रहेको छ ।

घ. पदपूर्ति :- संस्थाको पदाधिकारी तथा सदस्यको पद कुनै कारणवस रिक्त हुन आएमा कार्य समितिद्धारा साधारण सदस्यहरु मध्येबाट कुनै एक सदस्यलाई बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्न सकिने छ । तर ६महिना भन्दा कम अवधिका लागि पद पुर्ति गरिने छैन ।

ङ. राजीनामा : कार्य समितिको अध्यक्षयले कार्य समिति समक्ष र अन्य पदाधिकारीहरुको हकमा राजिनामा दिनुपर्ने भएमा संस्थाको अध्यक्ष समक्ष दिनुपर्ने छ । त्यसरी प्राप्त हुन आएको राजिनामा स्वीकृत गर्न वा नगर्न अधिकार कार्यसमितिको पूर्ण बैठकमा निहित हुनेछ ।

च. नियम बनाउन सक्ने :-संस्थाले आफ्नो कामको आवश्यकताको आधारमा विभिन्न उपसमितिहरु समेत बनाउन सक्नेछन् । तर यि सबै कार्यहरु विधानका परिधि भित्र रहेर गर्ने छन् ।

छ. कर्मचारी नियूक्त :- संस्थाको दैनिक कार्य संचालन तथा आवश्कता अनुसार कार्य समितिले कर्मचारिहरु नियुक्ति गर्न सक्ने छ र यसरी नियुत्ति गरिएका कर्मचारीको पारिश्रमिक तथा सेवाका सर्तहरु संस्थाको नियम बमोजिम हुनेछ । यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ र संस्थाले तयार गरेका नियमहरु प्रचलित कानूनसँग बाझिन गएको हदसम्म स्वत निष्कृय हुनेछ ।





झ. उपसमिति सम्वन्धि व्यवस्था :- कार्य समितिले विभिन्न कामको लागी आवश्यक ठानेमा उपसमितिको गठन गर्न सक्ने छ ।

ञ. स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाहरु :- यस संस्थाले स्थानिय स्तरमा उत्पादित वस्तु तथा सेवाहरु खरिद तथा विक्री गर्न सक्ने व्यवस्था गरिएको छ ।

ट. विकासका कार्यक्रममा संम्लग्नता सम्वन्धित व्यवस्था :- स्थानिय स्तरमा संचालन हुन विकास निर्माणका कार्यक्रमहरुमा संस्था प्रत्यक्ष रुपमा संलगन हुन पाउने व्यवस्था रहने छ ।

*..........टोल विकास संस्था* महालक्ष्मी नगरपालिका *धनकुटाका*

*पदाधिकारीहरुको नामावली निम्नानुसार रहेको छ ।*

| क्र.स. | नाम थर | पद | ठेगाना | बाबु/पति | बाजे/ससुरा | ना.प्र.नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | महालक्ष्मी न.पा. | | | | |
| २ | | उपाध्यक्ष | ,, | | | | |
| ३ | | सचिव | ,, | | | | |
| ४ | | सह-सचिव | ,, | | | | |
| ५ | | कोषाध्यक्ष | ,, | | | | |
| ६ | | सदस्य | ,, | | | | |
| ७ | | सदस्य | ,, | | | | |
| ८ | | सदस्य | ,, | | | | |
| ९ | | सदस्य | ,, | | | | |
| १० | | सदस्य | ,, | | | | |
| ११ | | सदस्य | ,, | | | | |
| | | | | | | | |

सल्लाकार समितिको नामावली

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | | संयोजक | महालक्ष्मी नगरपालिका |
| २ | | सदस्य | महालक्ष्मी नगरपालिका |
| ३ | | सदस्य | महालक्ष्मी नगरपालिका |

अनुसूचि - १
महालक्ष्मी नगरपालिका
घरधुरी तथ्याङ्क संकलन फारम


टोल विकास संस्थाको नाम............ टोल विकास संस्थाको नम्बर :
वडा नं. ..... ठेगाना :............................. गठन मिति :......................

| क.सं. | घर नम्बर | घरमुलीको नाम | परिवार संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | बालक | बालिका | जम्मा |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |
| १९ | | | | | | | |
| २० | | | | | | | |
| २१ | | | | | | | |
| २२ | | | | | | | |
| २३ | | | | | | | |
| २४ | | | | | | | |
| २५ | | | | | | | |
| २६ | | | | | | | |
| २७ | | | | | | | |
| २८ | | | | | | | |





अनुसूचि - २




प्रमाणिकरण मिति : २०७४/०९/१६

आज्ञाले
अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत
महालक्ष्मी नगरपालिका, धनकुटा